# नगर विकास कोष
# नयाँ बानेश्वर, काठ्माण्डौ

## मुद्दती निक्षेपको व्याज दर प्रस्ताव पेश गर्ने सम्वन्धी सूचना

प्रकाशित मिति २०८०।११।०४

यस कोषको लगानी प्रवर्द्धन समितिको मिति २०८०।११।०३ को निर्णयानुसार रु. १,७५,००,००,०००।-(एक अर्व पचहत्तर करोड मात्र) रकमलाई छ महिना अवधीको लागि मुद्दती निक्षेप (Fixed Deposit) मा लगानी गर्ने निर्णय भएकोले ईच्छुक 'क' वर्गका वाणिज्य बैंकहरुले २०८० फागुन ८ गते मंगलवार दिनको ३ बजे भित्र कोषले तोकेको तपसिलको ढाँचामा विवरण भरी शिलबन्दी प्रस्ताव कोषमा पेश गर्न हुन सम्वन्धीत सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि.नं. | निक्षेपको प्रकार | निक्षेप लिन चाहेको रकम (रु.) | प्रस्तावित वार्षिक ब्याज दर (प्रतिशत) | प्रस्तावित ब्याज दर मान्य हुने अन्तिम मिति | ब्याज भुक्तानीको किसिम |
|---|---|---|---|---|---|
| १. | Fixed Deposit (छ महिने) | | | | |

**शर्तहरु**

१. कोषलाई उपलब्ध गराएको व्याज दर कोटेशन पत्रमा उल्लेखित समयावधि सम्मको लागि मान्य हुनेछ । बैंकको व्याज दर परिवर्तन सम्बन्धी सार्वजनिक सूचनाले कोषलाई उपलब्ध गराएको व्याज दर कोटेशनलाई कुनै असर पारेको मानिने छैन ।
२. बैंकले **Fixed Deposit** को ब्याज त्रैमासिक रुपमा कोषलाई उपलब्ध गराउनु पर्नेछ ।
३. ब्याज दर सम्बन्धी कोटेशन पेश गर्दा अनिवार्य रुपमा खाममा लाहाछाप लगाई शिलबन्दी गरी पेश गर्नु पर्नेछ । निर्धारित समय पश्चात प्राप्त हुन आएको सिलबन्दी कोटेशन मान्य हुने छैन ।
४. ब्याज दर प्रस्ताव गर्दा दशमलव भन्दा पछाडी दुई अंक सम्म मात्र उल्लेख गर्नु पर्नेछ ।
५. बैंकले पेश गरेको व्याजदर सम्वन्धी प्रस्ताव कोषवाट स्वीकृत भएपछि मुद्दती निक्षेप लिन ईन्कार गर्न पाउने छैन ।
६. निक्षेप ईन्कार गर्ने बैंकलाई एक वर्षसम्म कोषको रकम लगानी गर्ने प्रकृयामा समावेश गरिने छैन ।
७. प्राप्त प्रस्तावहरुको आंशिक वा पुरा स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कोषमा सुरक्षित रहनेछ ।

**थप जानकारीका लागि**
देवान राई
उप प्रवन्धक, वित्त
मोवाईल नं. ९८५१०५०१६०

**प्रस्ताव पेश गर्ने ठेगाना**
नगर विकास कोष
नयाँ बानेश्वर, काठ्माण्डौ
फोन नं. ४५९३८६६ ४५६५६५१ ४५६४८७४